# सामाजिक कुरीति विरुद्ध विद्यालयस्तरमा सञ्चालन भएका जनचेतनामुलक कार्यक्रमको एकीकृत प्रतिवेदन

जिल्ला समन्वय समितिको कार्यालय

बागमती प्रदेश, धुन्चे, रसुवा

अषाढ, २०८३

## विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १-१ |
| २ | परिचय | १-१ |
| ३ | विद्यालय छनौटको आधार एवम् मापदण्ड | २-२ |
| ४ | कार्यक्रम सञ्चालन भएका विद्यालयहरु (परिचय) | २-५ |
| ५ | उद्देश्य | ५-६ |
| ६ | कार्यक्रम सञ्चालन विधि | ६-६ |
| ७ | निष्कर्ष र सुझाव | ६-६ |
| ८ | संलग्न कागजातहरु | ६-६ |
| ९ | तस्वीरहरु | ७-१६ |

## सामाजिक कुरीति विरुद्ध
## विद्यालयस्तरमा सञ्चालन भएको जनचेतनामुलक कार्यक्रमको
## एकीकृत प्रतिवेदन

### (१) पृष्ठभूमिः

रीति वा चलन वा प्रथाले समाजलाई खराव दिशामा डोर्‍यायो भने त्यो कुरीति हो। सबै रीतिहरु असल या सबै रीतिहरु खराव हुदैन। समाज विकासलाई अवरोध गराउने रीतिहरुलाई निरूत्साहन नगरेसम्म विकास सम्भव छैन।

कुरीतिको क्षेत्र व्यापक छ। यो घरबाट सुरू भएर समाज हुँदै राष्ट्रसम्म फैलिएको हुन्छ। कहिलेकाँहि त यसले अन्तर्राष्ट्रिय क्षेत्रसमेत नाघ्ने गर्दछ। यसको व्यापकता संसारकै विकासको वाधक भएर आउने गर्दछ। समयमै न्यूनीकरणको प्रयास भएन भने यसैले द्वन्द्व निम्त्याउने कुरा अवश्यम्भावी छ। वास्तवमा कुरीति नै द्वन्द्वका जननी हुन्।

कुरीति सबभन्दा पहिले व्यक्तिले महसुस गर्दछ। सबैभन्दा नजिकको स्थानीय सरकारले समाजमा जरा गाडेर बसेका कुरीति अन्त्यका लागि नीति, नियम, कानुन र योजना बनाएर कार्यान्वयन गरे सहज हुने देखिन्छ। स्थानीय जनप्रतिनिधि जति क्रियाशील भएर अगाडि बढ्छन् त्यति नै कुरीति अन्त्यका लागि सहज हुने कुरामा द्विमत छैन। त्यसैले कुरीति निरूपणका लागि स्थानीय तहको सक्रियता पहिलो पाइला हो।

वि.सं.२०७२ साल यता संघियता लागु भएपछि विद्यालयहरु स्थानीय तहद्वारा सञ्चालन भैरहेको अवस्था विद्यमान छ। स्थानीय तहले पहिचान गरेका विषयक्षेत्रहरु समावेश गरी कुरीतिजस्तो अमानवीय र अपराधमूलक कार्यहरु निरूत्साहन गर्न जरूरी छ।

स्थानीय तहहरु नै कुरीति विरूद्ध विगुल फुक्ने पहिलो संयन्त्र हन्। गाउँपालिकाका कार्यहरु जिल्ला समन्वय समितिद्वारा सहजीकरण भैरहेको हालको कानुनी व्यवस्थालाई व्यवहारगत रूपमा अझ प्रभावकारी बनाउन सकियो भने जराधार तहदेखिनै बलियो समाज निर्माण हुने कुरामा द्विविधा छैन।

### (२) परिचयः

जिल्ला समन्वय समितिको आ.व.२०८२/८३ को वार्षिक कार्यक्रममा सामाजिक कुरीति विरुद्ध जनचेतनामूलक कार्यक्रम गर्ने गरी १७० हजार बजेट स्वीकृत भएको छ। चालु आ.व.को पहिलो चौमासिक अवधिमा पूर्व तयारी एवम् अवधारणा निर्माण मै समय व्यथित भएको सन्दर्भमा यसलाई जतिसक्दो चाँडो अगाडि बढाउनु पर्ने अवस्था निर्माण भएको छ। यही व्यहोरालाई मनन गरी जिल्ला समन्वय समितिको मिति २०८२/०८/२४ गते बसेको बैठकले देहायबमोजिमको निर्णय गरेको अवस्था छः

"चालु आ.व.२०८२/८३ को वार्षिक कार्यक्रममा सामाजिक कुरीति विरुद्ध जनचेतनामूलक कार्यक्रम गर्ने व्यहोरा स्वीकृत भएकोमा उक्त कार्यक्रम रसुवा जिल्लाका ८० (कक्षा ८, ९ र १०) जना भन्दा वढी विद्यार्थी रहेका सरकारी विद्यालयमा सञ्चालन गर्ने।"

## (३) विद्यालय छनौटको आधार एवम् मापदण्डः

रसुवा चीनसँग जोडिएको एक हिमाली जिल्ला भएको र यहाँका अधिकांश वालवालिकाहरु राजधानीमा अध्ययन गर्न जाने गरेको तितो यथार्थका कारण विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून रहेको देखिन्छ। हाल रसुवा जिल्लामा जम्मा ९१ वटा सामुदायिक विद्यालयहरु रहेको देखिन्छ, जसमध्ये सबभन्दा बढी क्रमसः नौकुण्ड गाउपालिकामा २९ र उत्तरगया गाउँपालिकामा १९ वटा सामुदायिक विद्यालय रहेका छन्। त्यस्तै सबैभन्दा कम आमाछोदिङ्मो गाउँपालिकामा १२ ओटा सामुदायिक विद्यालयहरु रहेका छन्। यस जिल्लामा हाल ९ ओटा संस्थागत विद्यालयहरुले समेत सेवा प्रदान गरिरहेको अवस्था छ। रसुवाका सबै गाउँपालिकामा कम्तिमा १ पटक सामुदायिक विद्यालयमा यो कार्यक्रम सम्पन्न गर्ने गरी तय गरिएको अवस्थामा देहायका मापदण्डहरु अनुशरण गरी विद्यालय छनौट गरिएको छः

- ✓ कार्यक्रम सञ्चालनका लागि सरकारी मापदण्ड वमोजिमका सामुदायिक विद्यालय हुनुपर्ने
- ✓ सम्भव भएसम्म माध्यमिक तहका कम्तिमा ८० जना र बढीमा १२० जनासम्म कक्षामा सहभागी हुने अवस्था विद्यमान हुनुपर्ने
- ✓ शिक्षक/प्रशीक्षकहरुले चाहेमा कक्षामा सहभागी हुन सक्ने
- ✓ पावरप्वाइन्ट प्रस्तुतीकरणका लागि आवश्यक पूर्वाधारहरु हुनुपर्ने
- ✓ प्रस्तुतीकरण, अन्तरक्रियात्मक विधिमा जोड दिइनुपर्ने
- ✓ सहभागीहरुलाई जिससको बजेट एवम् आवश्यकतानुसार खाजाको व्यवस्था गरिने

## (४) कार्यक्रम सञ्चालन भएका विद्यालय (परिचय):

सकेसम्म सि.नं. ३ बमोजिमका मापदण्ड पुगेका देहायका ७ वटा माध्यमिक विद्यालयमा कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रम सम्पन्न गरिएका विद्यालयहरुको सङ्क्षिप्त परिचय यस्तो छः

- ➢ श्री कोमिन श्यामेवाङ्फेल माध्यमिक विद्यालय, स्याफ्रुबेंशी, रसुवा

गोसाइकुण्ड गाउपालिका वडा नं.५ स्याप्रुबेशीमा अवस्थित यो सामुदायिक विद्यालय हो। यो विद्यालयले १०+२ सम्मको शिक्षा प्रदान गरी आएको छ। स्याप्रुबेशीबाट करिव आधा घन्टा पैदल दुरीमा रहेको यो विद्यालय राष्ट्रिय परीक्षा बोर्ड र Council for Technical Education and Vocational Training (CTEVT) बाट सम्बन्धन प्राप्त रहेको छ। यसले इलेक्ट्रोनिक इन्जिनियरिङमा सव ओभरसियरको पठनपाठन कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवस्थापन र शिक्षा सङ्कायमा १०+२ को शिक्षा प्रदान गरी आएको छ।

गोसाइकुण्ड गाउँपालिकामा रहेका दुईओटा सामुदायिक माध्यमिक विद्यालयमध्ये यो विद्यालय पनि पूर्वाधारका दृष्टिले सम्पन्न नै देखिन्छ। भूकम्पपछिको पुनर्निर्माणपश्चात् यसको पूर्वाधार थप बलियो भएको देखिन्छ। सूचना प्रविधिको प्रयोगमा जोड दिएको यस विद्यालयमा हाल १६० जनाको हाराहारिमा मात्र विद्यार्थीहरुले अध्ययनरत गरी आएका छन्। भवन सरकारी मापदण्ड अनुरूप बनेपनि

हरेक वर्ष विद्यार्थीको सङ्ख्या दिनानुदिन घटिरहेको अवस्था विद्यालयका प्रधानाध्यापक श्री किशोरकुमार पुर्कोटी (सम्पर्क मोबाइल नम्बर ९७६११५९०५६) ले जानकारी दिनुभएको छ।

- श्री सेतीभूमे माध्यमिक विद्यालय, राम्चे, कालिका ०१, रसुवा

रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नं. १, राम्चेमा अवस्थित श्री सेतीभूमे माध्यमिक विद्यालय एक ऐतिहासिक सामुदायिक शैक्षिक संस्था हो। वि.सं. २०३३ सालमा स्थापना भएको यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। विद्यालय व्यवस्थापन समितिको गठन भएको छैन भने वडा शिक्षा समिति रहेको छ जसमा ५ जना सदस्यहरु रहेका छन भने स्वीकृत दरबन्दीका ५ स्थायी र १४ करार गरी कुल १९ शिक्षकहरूको व्यवस्था रहेको छ (जसमा हाल ५ स्थायी र १४ करार कार्यरत छन्)। हाल विद्यालयमा कुल ३७४ विद्यार्थीहरू (१७९ छात्र र १९५ छात्रा) अध्ययनरत छन्। भौतिक पहुँचको हिसाबले मूल सडकबाट मात्र ५० मिटरको दूरीमा (करिब १ मिनेटको पैदल यात्रा) रहेको यस विद्यालयले आधुनिक प्रविधि अपनाउँदै विद्युतीय हाजिरीको समेत व्यवस्था गरेको छ।

- श्री सेती देवी माध्यमिक विद्यालय, धुसेनी, रसुवा

रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नं. ४, धुसेनीमा अवस्थित श्री सेती देवी माध्यमिक विद्यालय एक ऐतिहासिक सामुदायिक शैक्षिक संस्था हो। वि.सं. २०३५ सालमा स्थापना भएको यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापक (सदस्य सचिव) सहित ९ सदस्यीय समिति क्रियाशील रहेको छ भने स्वीकृत दरबन्दीका ९ स्थायी र ६ करार गरी कुल १५ शिक्षकहरूको व्यवस्था रहेको छ (जसमा हाल ८ स्थायी र ६ करार कार्यरत छन्)। हाल विद्यालयमा कुल १२५ विद्यार्थीहरू (७२ छात्र र ५३ छात्रा) अध्ययनरत छन्। भौतिक पहुँचको हिसाबले मूल सडकबाट मात्र १०० मिटरको दूरीमा (करिब २ मिनेटको पैदल यात्रा) रहेको यस विद्यालयले आधुनिक प्रविधि अपनाउँदै विद्युतीय हाजिरीको समेत व्यवस्था गरेको छ।

- श्री डाँडागाउँ माध्यमिक विद्यालय, डाँडागाउँ ०२, रसुवा

रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. २, डाँडागाउँमा अवस्थित श्री डाँडागाउँ माध्यमिक विद्यालय एक ऐतिहासिक सामुदायिक शैक्षिक संस्था हो। वि.सं. २०१८ सालमा स्थापना भएको यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। विद्यालय व्यवस्थापन समितिको गठन भएको छ जसमा ७ जना सदस्यहरु रहेका छन भने स्वीकृत दरबन्दीका १० स्थायी र ५ करार गरी कुल १५ शिक्षकहरूको व्यवस्था रहेको छ (जसमा हाल १० स्थायी र ४ करार कार्यरत छन् भने १ वटा रिक्त रहेको छ)। हाल विद्यालयमा कुल १२० विद्यार्थीहरू (५५ छात्र र ६५ छात्रा) अध्ययनरत छन्। भौतिक पहुँचको हिसाबले मूल सडकबाट मात्र १० मिटरको दूरीमा (करिब १ मिनेटको पैदल यात्रा) रहेको यस विद्यालयले आधुनिक प्रविधि अपनाउँदै विद्युतीय हाजिरीको समेत व्यवस्था गरेको छ।

❖ रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नं. ५, कालीकास्थानमा अवस्थित श्री नीलकण्ठ नमुना माध्यमिक विद्यालय एक ऐतिहासिक सामुदायिक शैक्षिक संस्था हो। वि.सं. २०२१ सालमा स्थापना भएको यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापक (सदस्य सचिव) सहित ९ सदस्यीय समिति क्रियाशील रहेको छ भने स्वीकृत दरबन्दीका ११ स्थायी र ६ करार गरी कुल १७ शिक्षकहरूको व्यवस्था रहेको छ। हाल कार्यरत शिक्षकको सङ्ख्या २१ रहेको यस विद्यालयमा देहायबमोजिमको जनशक्ति रहेको छः

| | | | |
|---|---|---|---|
| मा.वि.दरबन्दी | १ जना | उच्च मा.वि.अनुदान | ३ जना |
| मा.वि.अनुदान | ३ जना | नि.मा.वि.दरबन्दी | ३ जना |
| प्रा.वि.दरबन्दी | ७ जना | नि.मा.वि. करार | १ जना |
| गाउँपालिका अनुदान प्रावि | १ जना | बालविकास सहजकर्ता | २ जना |
| विद्यालय कर्मचारी | ३ जना | लाइब्रेरियन करार (गापा अनुदान) | १ जना |
| बालविकास हेरचाहकर्ता (गापा अनुदान) | १ जना | विद्यालय नर्स | १ जना |
| **जम्मा शिक्षक र कर्मचारी २७ जना** | | | |

❖ हाल विद्यालयमा कक्षा ११ र १२ वाहेक कुल २६८ विद्यार्थीहरू (१४० छात्र र १२८ छात्रा) अध्ययनरत छन्। यस हिसाबले छात्र-छात्राको अनुपात ३५:३२ रहेको छ। अपाङ्गता भएका विद्यार्थीको अभिलेख राखिएको, विद्यालयको बैंक खाता सञ्चालनमा रहेको, शिक्षकहरुको इहाजिरी हुने व्यवस्था रहेको, अभिभावक दिवस मनाइने गरेकोजस्ता विवरणहरुबारे जानकारी प्राप्त भयो। अभिभावकसँग मिति २०८३/०२/२९ गते अन्तरक्रिया भएको, मिति २०८३/०१/३१ गते स्थानीय तहद्वारा अनुगमन भएकोजस्ता व्यहोरा समेत जानकारी भयो। नयाँ भवन निर्माण भैरहेकोले उक्त भवन निर्माणपश्चात् आवासीय रूपमा विद्यार्थीलाई राखिने गरी क्रियाकलापहरू अगाडि बढाइने जानकारी समेत प्राप्त भयो । जिसस रसुवाले विद्यालय अनुगमनका लागि तयार पारी श्री नीलकण्ठ नमुना माविद्वारा भरिएको ३ पाने फाराम यसैसाथ संलग्न छ।

➢ श्री कालिका हिमालय माध्यमिक विद्यालय, कालिकास्थान, कालिका - २ ,रसुवा

रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नं. २, कालिकास्थानमा अवस्थित श्री कालिका हिमालय माध्यमिक विद्यालय एक ऐतिहासिक सामुदायिक शैक्षिक संस्था हो। वि.सं. २०३२ सालमा स्थापना भएको यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापक (सदस्य सचिव) सहित ९ सदस्यीय समिति क्रियाशील रहेको छ भने स्वीकृत दरबन्दीका १६ स्थायी र ५ करार गरी कुल २१ शिक्षकहरूको व्यवस्था रहेको छ जसमा हाल सबै कार्यरत छन्। हाल विद्यालयमा कुल ४३५ विद्यार्थीहरू (२११ छात्र र २२४

जसमा हाल सबै कार्यरत छन्। हाल विद्यालयमा कुल ४३५ विद्यार्थीहरू (२११ छात्र र २२४ छात्रा) अध्ययनरत छन्। भौतिक पहुँचको हिसाबले मूल सडकको छेउमा रहेको यस विद्यालयले आधुनिक प्रविधि अपनाउँदै विद्युतीय हाजिरीको समेत व्यवस्था गरेको छ।

- श्री गोसाइकुण्ड माध्यमिक विद्यालय, नौकुण्ड-६, रसुवा

रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नं. ५, गोसाइकुण्ड-६, सरस्यूमा अवस्थित श्री गोसाइकुण्ड माध्यमिक विद्यालय एक ऐतिहासिक सामुदायिक शैक्षिक संस्था हो। वि.सं. २०३४ सालमा स्थापना भएको यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। यस विद्यालयमा प्रारम्भिक बाल विकास देखि कक्षा १२ सम्म अध्ययन अध्यापन गराइन्छ। यो विद्यालय रसुवा जिल्लाकै एक नमुना कृषि प्राविधिक धार सञ्चालित विद्यालय हो। यस विद्यालयमा छात्र ११० र छात्रा १४५ गरी जम्मा करिब २५५ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापक (सदस्य सचिव) सहित ९ सदस्यीय समिति क्रियाशील रहेको छ भने हाल कार्यरत शिक्षकको सङ्ख्या २९ रहेको देखिन्छ।

छात्रको तुलना छात्राको सङ्ख्या केही बढी हरेको यस विद्यालयमा अपाङ्गता भएका विद्यार्थीको विवरण राखिएको छ। सडकसँग जोडिएको, रजिष्टरमा हाजिरी गर्ने गरिएको यस विद्यालयको भवनको अवस्था राम्रो देखिन्छ। नौकुण्ड-१ आरूखर्कका विद्यार्थीहरू समेत अध्ययनरत रहेको यस विद्यालयमको पूर्वाधार अवस्था राम्रो देखिन्छ। हालै सार्वजनिक भएको कक्षा १२ को नियमित तर्फको नतिजामा यस विद्यालयबाट १३ जना परिक्षार्थीहरु सामेल भएकोमा १२ जनाले उत्तीर्ण गर्न सफल भएको अवस्था छ।

विद्यालयको बैंक खाता सञ्चालनमा रहेको, अभिभावक दिवस मनाइने गरेको, निरन्तर स्थानीय तहद्वारा अनुगमन भएकोजस्ता व्यहोरा समेत जानकारी भयो।

जिल्ला समन्वय समतिको कार्यालय, रसुवाले विद्यालय अनुगमनका लागि तयार पारेको अनुगमन फाराम माथि उल्लिखित सबै विद्यालयमा गराइएको छ।

## (५) उद्देश्यः

राष्ट्रको सानो इकाई व्यक्ति हो। व्यक्तिको क्षमता विकास गराए समाजको स्वतः विकास हुने देखिन्छ। कुरीति नेपालमा विकासको वाधक भएर वर्षौंदेखि हालसम्म बसेको देखिन्छ। राणाकालमा दासप्रथा जस्तो कुरीति त हटाउन सकियो भने अन्य कुरीतिहिरु हटाउन नसकिने भन्ने होइन। तर सुधार चाहिँ हुनुपर्दछ। विद्यालय तहबाटै क्षमता विकास गराउने सोच रहेकोयस कार्यक्रमका देहायका उद्देश्यहरु सान्दर्भिक रूपमा रहेका देखिन्छन्:

- ✓ हाल समाजमा रहेका कुरीतिहरू बारे सामान्य जानकारी गराउने
- ✓ कुरीति निरूपणका लागि राज्यका प्रयासहरु बारे अवगत गराउने
- ✓ कुरीति विरूद्ध रहेका कानुनहरु प्रस्तुत गर्ने

- ✓ कुरीति निरूपणका लागि हरेकको निभाउनु पर्ने आफ्नो भूमिका बारे उजागर गर्ने
- ✓ कुरीतिविरूद्ध खरो रूपमा प्रस्तुत हुन विद्यार्थीलाई उत्प्रेरित गर्ने

## (६) कार्यक्रम सञ्चालन विधि

प्रवचन भन्दा पनि प्रयोगात्मक एवम् अनुभवजन्य विधिमार्फत् कार्यक्रम सञ्चालन गरिएको छ। छलफल, प्रदर्शन, खोज, तस्वीर र चित्र प्रदर्शनका साथै प्रश्नोत्तर र प्रयोगात्मक विधिहरु नै बढी उपयोग गरिएको यस कार्यक्रममा बढीभन्दा बढी विद्यार्थीलाई नै अन्तरक्रियामा सहभागी हुन प्रेरित गराइएको छ। भिडियो चित्र, कार्टुन, सामाजिक सञ्जालजस्ता हाल प्रचलित विषयका अलावा देहायका विधिहरु समेत अवलम्बन गरिएका छन् :

- ✓ अन्तरक्रिया
- ✓ पावरप्वाइन्ट प्रजेन्टेसन
- ✓ सान्दर्भिक विषयहरुको उद्धरण
- ✓ उदारहणको प्रस्तुतीकरण
- ✓ विश्व/सन्दर्भ परिवेश

## (७) निष्कर्ष र सुझावः

रीति, प्रथा र परम्परा राष्ट्रका चिनारी हुन्। यिनको संरक्षण र प्रवर्धन हुन जरूरी छ। तर केही रीतिहरुले समाजलाई पुरातन अवस्थातिर धकेलिरहेको महसुस भएको छ। अझै पनि नेपाली समाजबाट वालविवाह, छाउपडी, दाइजोले सदाका लागि विदा पाउन सकेका छैनन। सबै नेपालीहरूले कुरीतिबाट मुक्ति नपाएसम्म विकसित देश निर्माण हुन नसक्ने सत्यता आङ्कलन गर्दै यो कार्यक्रम सञ्चालन पश्चात् देहायका निष्कर्ष एवम् सुझावहरु प्रस्तुत गरिएका छन्ः

- ✓ यस्ता क्षमता विकासका कार्यक्रमहरु थप सञ्चालन गर्नुपर्ने
- ✓ सरकारी कर्मचारीले पढाएको विषय विद्यार्थीले गम्भीर रूपमा लिने भएकाले यस्ता कार्यक्रम अझ प्रभावकारी हुने
- ✓ स्थानीय क्षेत्रका कुरीतिहरु खोज/अनुसन्धानमा जोड दिनुपर्ने
- ✓ स्थानीय तहको पाठ्यक्रममा यो विषय अनिवार्य रूपमा समावेश गर्न पालिकाले पहल गर्ने
- ✓ कुरीति विरूद्ध जिल्ला तहका कार्यक्रमहरूको समीक्षा गर्नुपर्ने
- ✓ विद्यालयमा निजामती सेवा र सरकारी सेवाबारे कम ज्ञान रहेको देखिएकाले उक्त विषयसँग सम्बन्धित कार्यक्रम आयोजना गर्ने/गराउने

## (८) संलग्न कागजातहरु

पूर्व तयारीमा बढी समय लागेको यस कार्यक्रम स्थलगत शिक्षण कार्यक्रम हो। कार्यक्रम सम्पन्न गरी तयार भएको यस प्रतिवेदनमा देहायका कागजातहरु अनुसूचीमा संलग्न गरिएका छन् :

- ✓ कक्षामा प्रस्तुत भएको प्रस्तुतीकरण (अनुसूची १)

## (९) तस्बीरहरुः श्री कोमिन श्यामेवाङ्फेल माध्यमिक विद्यालय, स्याफ्रुबेंशी, रसुवा



श्यामेवाङफेल माध्यामिक विद्यालयका विद्यार्थीहरु र शिक्षकहरुसंगको सामुहिक तस्बिर



जिल्ला समन्वय अधिकारीज्यूद्वारा प्रस्तुती हुदै



जिल्ला समन्वय समितिको कार्यालय र विद्यार्थी विच अन्तरक्रिया भइरहेको



जिल्ला समन्वय समितिको कार्यालयबाट प्रस्तुतीका लागि प्राविधिक सहयोगको टोली समेत



पावरप्वाइन्ट प्रस्तुतीकरण



प्रस्तुतीकरण पश्चात जि.स.स.द्वारा विद्यार्थिहरुलाई खाजा वितरण हुदैं


# श्री सेतीभूमे माध्यमिक विद्यालय, राम्चे, कालिका ०१, रसुवा



श्री सेतिभूमे माध्यामिक विद्यालयका विद्यार्थीहरु र शिक्षकहरुसंगको सामुहिक तस्बिर



जि.स.सको कार्यलयका इन्जिनियर ज्यूद्वारा प्रस्तुती हुदै



जिल्ला समन्वय अधिकारीज्युद्वारा विषयवस्तु छलफल



कार्यक्रममा सहभागी विद्यार्थीहरु



पावरप्वाइन्ट प्रस्तुतीकरण




कार्यक्रममा समापन पश्चात खाजा वितरण हुदै



श्री सेतिदेवी माध्यमिक विद्यालयका विद्यार्थीहरु र शिक्षकहरुसंगको सामुहिक तस्बिर




जि.स.सको कार्यलयका शाखा अधिकृत ज्यूद्वारा प्रस्तुती हुदै



प्रधानाध्यापकज्युद्वारा विषयवस्तु छलफल



कार्यक्रममा सहभागी विद्यार्थीहरु




पावरप्वाइन्ट प्रस्तुतीकरण




कार्यक्रममा आफ्नो परिचय जि.स.स र विद्यालय कर्मचारीबाट हुदै



श्री सेतिदेवी माध्यामिक विद्यालयका विद्यार्थीहरु र शिक्षकहरुसंगको सामुहिक तस्बिर



जिल्ला समन्वय अधिकारीद्वारा प्रस्तुती हुदै






कार्यक्रममा सहभागी विद्यार्थीहरु




पावरप्वाइन्ट प्रस्तुतीकरण




कार्यक्रममा आफ्नो परिचय जि.स.स र विद्यालय कर्मचारीबाट हुदै




विद्यार्थीहरु र शिक्षकहरुसंगको सामुहिक तस्बिर




जि.स.स को कार्यलयका इन्जिनियरद्धारा प्रस्तुती हुदै



धानाध्यापकज्यूद्वारा विषयवस्तु छलफल




कार्यक्रममा सहभागी विद्यार्थीहरु



पावरप्वाइन्ट प्रस्तुतीकरण




कार्यक्रममा समापन पश्चात खाजा वितरण हुदै


























(अनुसूची १)

कक्षामा प्रस्तुत भएको प्रस्तुतीकरण

